नेपाली राजदूतावास
साउदी अरेबिया
**Embassy of Nepal**
Kingdom of Saudi Arabia

سفارة نيبال
المملكة العربية السعودية

नेपाली राजदूतावास
रियाद

## प्रेस विज्ञप्ति

साउदी अरब, कुवेत, बहराइन, ओमन लगायत अन्य खाडी मुलुकमा बैदेशिक रोजगारीमा आउने नेपालीहरुमध्ये धेरैको मृत्यु ट्राफिक दुर्घटना एवं प्राकृतिक तवरले हुने गरेको पाइएको छ । केही मृत्युका घटनाहरु आत्महत्या एवं हत्या भएको पाइएको छ ।

मृत्यु भएका नेपालीहरुको शव नेपाल पठाउनु पूर्व अस्पतालको मेडिकल रिपोर्ट, मृत्यु सम्बन्धि प्रमाणपत्र, पुलिसको अनुसन्धान रिपोर्ट र मृतकले पाउनुपर्ने तलव एवं अन्य सुविधा सम्बन्धि रकम(नगद वा चेक) आदी प्राप्त भएपछि राजदूतावासले जाँचबुझ गरी चित्त बुझेमा मात्र शव नेपाल पठाउने अनुमतिपत्र **(No Objection Certificate)** जारी गरिदैं आएको छ । ट्राफिक दुर्घटनामा मृत्यु हुनेहरुको सम्बन्धमा सम्बन्धित कम्पनीले Insurance Policy Paper बनाएको नपाइएमा यस सम्बन्धमा टुंगो नलागेसम्म शव नेपाल पठाउने सम्बन्धि कारबाही केही समयका लागि स्थगित गरिन्छ ।

अतः मृतक नेपाली कामदारले साउदी श्रम कानून अनुसार पाउनु पर्ने सम्पूर्ण विमा, उपदान, अनुदान, तलव एवं क्षतिपूर्ती सम्बन्धि रकमहरुको भुक्तानी हुने टुंगो लागि सकेपछि मात्र राजदूतावासबाट No Objection Certificate जारी गरिदैं आएको व्यहोरा सबै सम्बन्धितहरुलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सम्बन्धित कम्पनी वा sponsor ले मृतकका कानूनी हकदारले साउदी श्रम कानून अनुसार पाउनुपर्ने रकमहरुको भुक्तानी हुने ग्यारेण्टी नगराएसम्म यस राजदूतावासबाट शव नेपाल पठाउने अनुमति प्रदान गरिदैंन । यस कार्यबाट केही शवहरु नेपाल पठाउने समय बढी लाग्दा शोक संतप्त परिवारमा असुविधा हुन पुगेता पनि त्यस घडीमा धैर्य धारण गरी मृतक नेपालीको हकदार एवं परिवारको सदस्यको हक र हितका लागि राजदूतावासलाई कार्य गर्न सहयोग पुर्याउन समेत अनुरोध गरिन्छ ।

यस आर्थिक वर्षको जूलाई १६, २००८ देखि मार्च १, २००९ सम्म साउदी अरव लगायत यस राजदूतावास सह-प्रमाणिकरण भएका मुलुकहरुमा विभिन्न कारणले दुखद मृत्यु हुने नेपालीहरु मध्ये १९५ (एक सय पन्चानब्बे) जना मृतक नेपालीहरुलाई वितरण गर्नुपर्ने क्षतिपूर्ती बापतको विभिन्न रकम राजदूतावासमा प्राप्त भएको तथ्य राजदूतावासको अभिलेखमा देखिन्छ ।

ص.ب ٩٤٣٨٤ الرياض ١١٦٩٣ - المملكة العربية السعودية - تلفون : ٤٦١١١٠٨ - ٤٦٤٥١٧٠ - فاكس: ٤٦٤٠٦٩٠ - ٤٦٥١٨٢٣ (١) ٩٦٦+
P.O. Box 94384 Riyadh 11693 - Saudi Arabia - Tel.: 4611108 - 4645170 - Fax: +966-1-4640690 - 4651823
Web Site: www.neksa.org E-mail: info@neksa.org بريد الكتروني:

नेपाली राजदूतावास
साउदी अरेबिया
**Embassy of Nepal**
Kingdom of Saudi Arabia

سفارة نيبال
المملكة العربية السعودية

नेपाली राजदूतावास
रियाद

यसरी मृत्यु भएका नेपालीहरुले नियमानुसार पाप्त गरेको तलव, विमा, उपदान, अनुदान र क्षतिपूर्ती बापतको रकम यस राजदूतावासको खातामा जम्मा भई परराष्ट्र मन्त्रालयमा पठाउने गरिएको छ । यस अवधि (जूलाई १६, २००८ देखि मार्च १, २००९ सम्म) मा यस राजदूतावासबाट नेपालमा उपरोक्त बमोजिमको विप्रेषण गरिएको रकम अ.डं. २,१३,८०८.१ (अ.डं. दुई लाख तेह्र हजार आठ सय आठ मात्र) पुगेको अभिलेखबाट देखिन्छ ।

उक्त विप्रेषित रकम मध्येका तीन ठुला धनराशी र सम्बन्धित मृतकका हकदारको विवरण निम्नानुसार छ ।

| क्र. सं. | क्षतिपूर्ती बापतको रकम (US $) | रकम प्राप्त गर्ने व्यक्ति | मृतकको राहदानी नं. | ठेगाना |
|---|---|---|---|---|
| १ | ४१५७१.६८ | (स्व. रविन बगालेका हकदार) | २०८१४०६ | पाडासारी-०५, रुपन्देही |
| २ | ७२१७.२९ | (स्व. कृष्ण सी. खतिवडाका हकदार) | २४४०४०१ | मोराहाङ-०७, तेह्रथुम |
| ३ | ५८५१.०६ | (स्व. मोहम्मद इजाहर हुसेनका हकदार) | २२३०९४९ | बिजबानिया-०४, पर्सा |

माथि उल्लेख भए लगायतका अन्य १९२ (एक सय बयानब्बे) जना मृतकहरुले पाउने रकम र सो सम्बन्धि विवरण राजदूतावासको website www.neksa.org मा राखिएको छ । यसै सूचनालाई आधार मानी मृतकका कानूनी हकदारहरुले रकम प्राप्त गर्नका लागि परराष्ट्र मन्त्रालय, आर्थिक प्रशासन शाखा (टलिफोन नं. ४४१६०२०) मा आवश्यक कानूनी कागजात सहित सम्पर्क राख्नका लागि समेत नेपाली राजदूतावास अनुरोध गर्दछ ।

नेपाली राजदूतावास, रियाद
मितिः- २०६६/०२/१८
जुन १, २००९